# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- ३३**

मिति २०८१।०४।२४

## छलफल तथा निर्णय

निर्णयहरु

१. चालु वर्षको वर्षायाम शुरु भएपश्चात विभिन्न समयमा परेको भिषण वर्षाले गर्दा भएको प्राकृतिक प्रकोपका कारण सुदूरपश्चिम प्रदेशका भौतिक पुर्वाधारका क्षेत्रमा के कति क्षति पुग्न गयो? प्राकृतिक विपदबाट क्षतिग्रस्त भौतिक पुर्वाधारका संरचनाहरुको पुनःनिर्माण तथा मर्मत सम्भार गर्ने सम्बन्धमा प्रदेश सरकारको योजना के हो? अव्यवस्थित र अनियन्त्रित तवरका संरचना सुधार गरी प्राकृतिक विपदबाट सिर्जना हुने समस्याका कारण वर्षेनी नागरिकले खेपिरहनु परेको दुःख न्युनिकरण गर्न के कस्तो रणनीति तथा कार्ययोजना बनाएको छ? प्राकृतिक विपद् निम्त्याउन सक्ने के कति क्षेत्रहरुको पहिचान गरेको छ? सो क्षेत्रहरुको व्यवस्थापनका लागि प्रदेश सरकारले भावी योजना के बनाएको छ? भन्ने सम्बन्धी विवरणहरु समितिमा उपलब्ध गराउन हुन र उक्त विषयहरुका सम्बन्धमा समितिका सदस्यहरुको चासो उत्पन्न भएकोले तत्सम्बन्धमा छलफल गर्नका लागि भौतिक पुर्वाधार विकास मन्त्रालयको सचिवलाई समितिको अर्को बैठकमा आमन्त्रण गर्न समिति सचिवलाई निर्देशन दिने ।

२. चालु वर्षको वर्षायाम शुरु भएपश्चात विभिन्न समयमा परेको भिषण वर्षाले गर्दा भएको प्राकृतिक प्रकोपका कारण सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणका क्षेत्रमा के कति क्षति पुग्न गयो? प्राकृतिक विपदबाट क्षतिग्रस्त भौतिक पुर्वाधारका संरचनाहरुको पुनःनिर्माण तथा मर्मत सम्भार गर्ने सम्बन्धमा प्रदेश सरकारको योजना के हो? अव्यवस्थित र अनियन्त्रित तवरका संरचना सुधार गरी प्राकृतिक विपदबाट सिर्जना हुने समस्याका कारण वर्षेनी नागरिकले खेपिरहनु परेको दुःख न्युनिकरण गर्न के कस्तो रणनीति तथा कार्ययोजना बनाएको छ? प्राकृतिक विपद् निम्त्याउन सक्ने के कति क्षेत्रहरुको पहिचान गरेको छ? सो क्षेत्रहरुको दिगो व्यवस्थापनका लागि प्रदेश सरकारले भावी योजना के बनाएको छ? भन्ने सम्बन्धी विवरणहरु समितिमा उपलब्ध गराउन हुन र उक्त विषयहरुका सम्बन्धमा छलफल गर्नका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवलाई समितिको अर्को बैठकमा आमन्त्रण गर्न समिति सचिवलाई निर्देशन दिने ।

३. समितिको अर्को बैठक मिति २०८१।०४।२५ गते शुक्रवार दिउँसो ०३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि समितिको आजको बैठक स्थगित भयो ।